केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं

"दण्डहिनताविरुद्ध अनुसन्धान CIB को अभियान"

visit Nepal 2020

बिषय:- प्रेस विज्ञप्ती

मिति:२०७६।१०।२८ गते

## "संरक्षित वन्यजन्तु पाटे बाघको छाला सहित मानिसहरु पक्राउ"

**घटना विवरण:**

संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसार-पसार तथा खरिद बिक्रि गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा वन्यजन्तुसँग सम्बन्धित अपराध अनुसन्धान तथा रोकथामको लागि मिति २०७६।१०।२७ गते केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले जिल्ला दाङ, तुल्सीपुर उपमहानगरपालिका वडा नं. ५ बसपार्कबाट निम्न घर ठेगाना भएका मानिसहरुलाई पाटे बाघको छाला थान-१ सहित पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि डिभिजन वन कार्यालय घोराही दाङमा बुझाईएको।

**पक्राउ मानिसहरु:-**

१. जिल्ला सल्यान बनगाड कुपिण्डे नगरपालिका वडा नं. २ बस्ने बर्ष ३७ को यम बहादुर राना।

२. जिल्ला सल्यान त्रिवेणी गाँउपालिका वडा नं. १ बस्ने बर्ष ३० को सुरनित रामजा बुढा मगर।

३. जिल्ला सल्यान शारदा नगरपालिका वडा नं. १ बस्ने बर्ष २६ को रमित सुनार।



**बरामद सामान:-**

पाटे बाघको छाला थान- १ (लम्बाई १० फिट २ इन्च, चौडाई ३ फिट २ इन्च)



**अपराध**:-राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बिरुद्दको अपराध।

**सजाय:-** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षन ऐन, २०२९ को दफा २६ (१) अनुसार पाँच लाख रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा पाँच बर्ष देखि पन्ध्र बर्षसम्म कैद वा दुवै सजाय।

प्रहरी उपरीक्षक

(वेल बहादुर पाण्डे)

प्रवक्ता

सम्पर्क नं. ९८५१२९१३११